एडीबी

समाचार
# नेपालबाट

www.adb.org/nrm
adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

श्रावण, २०६५

# एडीबी सञ्चालक समितिद्वारा नेपाल भ्रमण

एसियाली विकास बैंक (एडीबी) सञ्चालक समितिको एक प्रतिनिधिमण्डलले नेपालको विकास आवश्यकता र चुनौती राम्ररी बुझ्न, नेपालमा सञ्चालित एडीबीका कार्यक्रमहरूबारे परिचित हुन र स्थानीय स्तरमा एडीबीको सहायता कसरी कार्यान्वयन भइरहेको छ भनी हेर्न यही असार ९ देखि १५ गतेसम्म नेपाल भ्रमण गर्‍यो ।

भ्रमणका क्रममा सञ्चालक समितिका प्रतिनिधिहरूले अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय तथा अन्य सरकारी कार्यालयका बरिष्ठ अधिकारीहरूसँग छलफल गरे । प्रतिनिधिमण्डलले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष प्रचण्ड र बाबुराम भट्टराई लगायतका बरिष्ठ नेताहरूसँग पनि भेटेको थियो ।

*क्रमश: दोश्रो पेजमा*



**स्थलगत अनुभव** एडीबी सञ्चालक समितिको प्रतिनिधिमण्डल पोखरास्थित तेस्रो पशुपालन विकास आयोजनाको स्थलगत भ्रमण गर्दै ।

# नेपालले समावेशी विकासमा ध्यान दिनुपर्छ : एडीबी महानिर्देशक

नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा एडीबी दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेनाले समावेशी विकास प्रक्रियामा ध्यान दिन आग्रह गर्नुभएको छ । 'संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेर नेपालले शान्ति प्रक्रियामा एउटा महत्वपूर्ण कोशेढुंगा कायम गरेको छ । यसले देशमा दीगो शान्ति र स्थायित्व ल्याउन तथा उच्च दरको दीगो आर्थिक वृद्धि हासिल गर्न मद्दत गर्नेछ,' भ्रमणको अन्तिम दिन जेठ १४ गते महानिर्देशक सेनाले भन्नुभयो ।

उहाँले एडीबी नेपालको एक विश्वासिलो विकास साझेदारका रूपमा रहिरहने र इतिहासमै सबैभन्दा सम्वेदनशील रहेको अहिलेको घडीमा देशको सामाजिक-आर्थिक विकासमा सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

*क्रमश: तेश्रो पेजमा*



**सञ्चार अन्तर्क्रिया** एडीबीका महानिर्देशक कुनियो सेना नेपाल भ्रमणका क्रममा सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया गर्दै ।

## एडीबी सञ्चालक समितिद्वारा नेपाल क्रमश: पहिलो पेजबाट

टोलीले देशको विकास सम्भाव्यता र चुनौती राम्ररी बुझ्न तथा आपसी समन्वयका अवसरहरू खोज्न नागरिक समाज, निजी क्षेत्र तथा अन्य विकास साझेदारहरूसँग परामर्श गरेको थियो । उनीहरूले एडीबीको सहायतामा काठमाडौं, गोदावरी र पोखरामा सञ्चालित विभिन्न आयोजनाहरूको स्थलगत भ्रमण गरी त्यहाँका लाभान्वित व्यक्तिहरूसँग अन्तर्क्रिया गरेका थिए ।

प्रतिनिधिमण्डलमा कार्यकारी निर्देशकहरू सेबास्टिन पस्ट, मोहम्मद साद हाशिम र क्युङ-हो किम तथा वैकल्पिक कार्यकारी निर्देशकहरू प्याट्रिक ब्रान्ड्ट, पल करी र डेरेक रूकेनस्मिथ थिए । ■



**लाभान्वित व्यक्तिहरूसँग अन्तर्क्रिया** गोदावरीस्थित दोस्रो सिंचाइ क्षेत्र आयोजनाको महिला समूहका सदस्यहरू एडीबी प्रतिनिधिमण्डलसँग अन्तर्क्रिया गर्दै ।

# एडीबीद्वारा नेपालका तीन उत्कृष्ट आयोजना टोली पुरस्कृत

उत्कृष्ट कार्य-सम्पादन गर्ने तीन आयोजनालाई एडीबी नेपाल आवासीय नियोगले 'उत्कृष्ट आयोजना व्यवस्थापन टोली' को अवार्डले सम्मान गरेको छ। सम्मानित हुनेमा साना शहरी खानेपानी तथा सरसफाई आयोजना, सडक सञ्जाल विकास आयोजना र ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम रहेका छन् । नियोगमा जेठ २१ गते आयोजित एक विशेष समारोहमा अर्थ सचिव विद्याधर मल्लिकले विजयी आयोजना टोलीलाई अवार्ड प्रदान गर्नुभएको थियो ।

'यो अवार्डले आयोजना टोलीको उत्कृष्ट कार्य-सम्पादन, दक्षता र लक्ष्य हासिल गर्ने क्षमता पहिचान गरेको छ । यी आयोजनाको सफल कार्यान्वयनले पछिल्ला केही वर्षहरूमा नेपालको विकास प्रभावलाई बढाउन तथा एडीबीको सहायताप्राप्त कार्यक्रमको कार्य-सम्पादनमा स्थायित्व ल्याउन उल्लेखनीय योगदान पुऱ्याएको छ,' नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक पल जे. हेटेन्सले भन्नुभयो ।

साना शहरी खानेपानी तथा सरसफाई आयोजनाले औसत १८ हजार जनसंख्या भएका २९ साना शहरहरूमा खानेपानी आपूर्ति, ढल निकास तथा सरसफाई सुविधा उपलब्ध गराउन सरकारलाई सहयोग गरिरहेको छ ।

सडक सञ्जाल विकास आयोजनाले पूर्व-पश्चिम राजमार्ग तथा अन्य रणनीतिक र महत्वपूर्ण सडकहरूको निर्माण र मर्मतसम्भार गरेर ग्रामीण क्षेत्र तथा सडक नपुगेका जिल्ला सदरमुकामसम्म पहुँच स्थापित गर्नुका साथै प्रभावकारी राष्ट्रिय सडक सञ्जालको विकासमा मद्दत गर्नेछ ।

ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रमले ग्रामीण घरपरिवारलाई संस्थागत वित्तीय सेवासम्म दीगो पहुँच सुनिश्चित गर्ने, कृषि विकास बैंकजस्ता ग्रामीण वित्त संस्थाहरूको पुन:निर्माणद्वारा निजी क्षेत्रलाई ग्रामीण वित्त क्षेत्रमा सहभागी हुन प्रोत्साहित गर्ने र ग्रामीण वित्त क्षेत्र नियमनका लागि अनुकूल संरचना विकास गर्ने उद्देश्य लिएको छ ।

नियोगले एडीबीको सहायतामा सञ्चालित आयोजनाका कर्मचारीहरूलाई प्रोत्साहित गरेर कार्य-सम्पादनमा सुधार ल्याउन र गरिबी निवारणको मूलभूत उद्देश्य हासिल गर्न सन् १९९६ देखि उत्कृष्ट आयोजना व्यवस्थापन अवार्ड दिन थालेको हो । ■



**उत्कृष्ट टोली** उत्कृष्ट आयोजना व्यवस्थापन अवार्ड विजेताहरू नियोगका राष्ट्रिय निर्देशक पल जे. हेटेन्स, अर्थ सचिव विद्याधर मल्लिक र भौतिक योजना तथा निर्माण सचिव पूर्ण पी. कडारियसँग सामूहिक तस्विर खिंचाउँदै ।

## नेपालले समावेशी विकासमा ध्यान

*क्रमशः पहिलो पेजबाट*

नेपाल भ्रमणका क्रममा सेन्गाले अर्थ, भौतिक योजना तथा निर्माण, स्थानीय विकास र जलस्रोत मन्त्री तथा अन्य वरिष्ठ सरकारी अधिकारीहरूसँग भेट्नुभएको थियो। उहाँले प्रमुख राजनीतिक दलका वरिष्ठ नेताहरूसँग पनि भेट्नुभयो।

वरिष्ठ सरकारी अधिकारीहरूसँगको बैठकमा सेन्गाले नेपालमा एडीबीका चालू तथा भावी कार्यक्रमका विभिन्न पक्षबारे छलफल गर्नुभयो। उहाँले नागरिक समाज, सञ्चार माध्यम तथा विकास साझेदारहरूसँग पनि नेपालको विकासका अवसर र चुनौतीबारे छलफल गर्नुभएको थियो। ■

## एडीबीद्वारा नयाँ दीर्घकालीन रणनीति सार्वजनिक

एडीबीले एसिया तथा प्रशान्त क्षेत्रलाई गरिबीमुक्त तुल्याउने आफ्नो परिकल्पना समेट्दै नयाँ दीर्घकालीन रणनीति 'रणनीति २०२०' सार्वजनिक गरेको छ।

दैनिक एक अमेरिकी डलरमा गुजारा गर्न बाध्य ६० करोडभन्दा बढी गरिब व्यक्तिहरूको गरिबीविरुद्ध लड्न एडीबीको रणनीति २०२० ले तीनवटा विकास उद्देश्यमा लक्षित रहेर कार्यक्रम सञ्चालन गर्न जोड दिएको छ- समावेशी आर्थिक वृद्धि, वातावरणीय रूपमा दीगो वृद्धि र क्षेत्रीय एकता।

सन् २०२० सम्म एडीबीको ८० प्रतिशत कर्जा प्रवाह त्यस्ता पाँच खास कार्यगत क्षेत्रमा हुनेछ, जसलाई एडीबीको तुलनात्मक सामर्थ्यका क्षेत्र भनी पहिचान गरिएका छन्। ती क्षेत्र पूर्वाधार, वातावरण, क्षेत्रीय समन्वय र एकता, वित्तीय क्षेत्र विकास तथा शिक्षा हुन्। सन् २०२० सम्म करिब ५० प्रतिशत कार्यक्रमहरू निजी क्षेत्र विकास तथा निजी क्षेत्रका गतिविधिमा सञ्चालन हुनेछन् भने ३० प्रतिशत कार्यक्रम क्षेत्रीय समन्वय र एकतामा केन्द्रित रहनेछन्। एडीबीले स्वास्थ्य, कृषि र प्रकोप तथा आकस्मिक सहायतामा बढी छनौटपूर्ण ढंगले कार्यक्रम सञ्चालन गर्नेछ।

रणनीति २०२० बारे थप जानकारीका लागि http://www.adb.org/strategy2020 हेर्नुहोला। ■

# एडीबीद्वारा एसियाका गरिबलाई सहयोग गर्न ११.३ अर्ब डलर सुरक्षित

एडीबीले एसिया तथा प्रशान्त क्षेत्रको गरिबीविरुद्ध लड्न आफ्नो सहुलियतपूर्ण विकास कोषअन्तर्गत आगामी चार वर्ष अवधिका लागि ११ अर्ब ३० करोड अमेरिकी डलरको सहायता सुरक्षित गरेको छ। यो अघिल्लो अवधिको तुलनामा ६० प्रतिशत बढी हो।

'दातृ संस्थाहरूले उदार ढंगमा गर्ने योगदानले विकासोन्मुख एसिया-प्रशान्त क्षेत्रका देशहरूलाई सहस्राब्दी विकास लक्ष्य हासिल गर्न र यस क्षेत्रका अतिगरिब देशका जनताको सुनौलो भविष्य निर्माणमा सघाउ पुर्‍याउनेछ,' एडीबीका अध्यक्ष हारुहिको कुरोदाले भन्नुभयो।

एसियाली विकास कोष (एडीएफ) ले एसिया तथा प्रशान्त क्षेत्रका अतिगरिब देशहरूलाई अनुदान तथा कम ब्याजको ऋण दिन्छ। यस क्षेत्रमा दैनिक दुई डलर भन्दा कममा गुजारा गर्न बाध्य करिब ४० करोड गरिब व्यक्ति बसोबास गर्छन्। नयाँ एडीएफले सन् २००९ देखि २०१२ सम्मको अवधि समेट्छ।



**गरिबीविरुद्ध संघर्ष** नेपालमा सकारात्मक परिवर्तन ल्याउन एसियाली विकास कोष एक महत्वपूर्ण स्रोतका रूपमा रहेको छ।

यसअन्तर्गत गरिब जनताको जीवनयापनमा सुधार ल्याउन सडक, सफा पानी तथा सरसफाई, विद्युत् सञ्जाल तथा अन्य अत्यावश्यक पूर्वाधारमा सहयोग गरिनेछ। कोषले एसिया तथा प्रशान्त क्षेत्रका मुलुकहरूबीच समन्वय र एकतालाई थप विस्तार गर्न सहयोग पुर्‍याउनेछ। यसले सिंचाइ प्रणाली, ग्रामीण सडक तथा ग्रामीण वित्तका माध्यमबाट कृषि क्षेत्रमा सहयोग जारी राख्नेछ। कोषको भावी स्रोतको उल्लेखनीय हिस्सा शिक्षा क्षेत्रका कार्यक्रमहरूमा पनि प्रयोग गरिने अपेक्षा छ। कोषले वातावरणीय परिवर्तनबाट आउने समस्याको निवारण तथा अन्य वातावरणीय पहलहरूमा समेत सहायता उपलब्ध गराउनेछ।

'नेपालजस्तो देश जसलाई आफ्ना अतिगरिब नागरिकहरूलाई सहयोग गर्न तत्काल स्रोतको खाँचो छ, त्यसका लागि एडीएफ विकास सहायताको एक मुख्य स्रोत हो,' अर्थ सचिव विद्याधर मल्लिकले भन्नुभयो। 'एडीएफको स्रोत उल्लेखनीय रूपमा वृद्धि गर्न र यससम्बन्धी छलफल सफलतापूर्वक सम्पन्न गर्नमा अन्तर्राष्ट्रिय दातृ समुदायले देखाएको उदारताको हामी प्रशंसा गर्छौं।'

आगामी २००९-२०१० मा नेपालका लागि प्रारम्भिक द्विवर्षीय एडीएफ सहायता ४० करोड ६९ लाख डलर रहेको छ। यही वैशाख १९ र २० गते म्याड्रिडमा सम्पन्न एडीबी बोर्ड अफ गभर्नर्सको ४१ औं वार्षिक बैठकको पूर्वसन्ध्यामा एडीएफ छलफल सकिएको थियो। ■

# नेपाल आवासीय नियोगका कार्यक्रमहरू

नेपाल आवासीय नियोगले सन् २००८ को दोस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीमा भाग लिएको थियो ।

**२० चैत २०६४, एडीओ २००८ सार्वजनिक ।** एडीबीको वार्षिक प्रकाशन एसियन डेभलपमेन्ट आउटलुक (एडीओ) २००८ सार्वजनिक गर्न नियोगद्वारा आयोजित पत्रकार सम्मेलनमा ५० जनाभन्दा बढी सञ्चारकर्मीहरूले भाग लिए । नियोगका राष्ट्रिय निर्देशक पल जे. हेटेन्सले एडीओ २००८ बारे जानकारी दिनुका साथै त्यसको नेपाल अध्यायमाथि प्रकाश पार्नुभएको थियो । त्यसपछि एडीओका विविध पक्षहरूमा खुला छलफल भएको थियो ।



**आर्थिक दृष्टिकोण** नियोगका राष्ट्रिय निर्देशक पल जे. हेटेन्स एडीओ २००८ सार्वजनिक गर्ने क्रममा सञ्चार कर्मीहरूसँग छलफल गर्दै ।

**४–१७ वैशाख २०६५, राष्ट्रिय कार्यक्रम तर्जुमा टोली : सरोकारवालाहरूसँग परामर्श ।** सन् २००८ को राष्ट्रिय कार्यक्रम तर्जुमा टोली (सीपीएम) ले पछिल्लो समय राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा भएका विकासको समीक्षा गरी त्यसले एडीबीको भावी कार्यक्रम सञ्चालनमा पार्नसक्ने प्रभावको विश्लेषण गऱ्यो । टोलीले सन् २००९-२०११ को लगानी तथा प्राविधिक सहायता कार्यक्रम र क्षेत्रगत प्राथमिकताबारे छलफल गरी सरकारको तर्फबाट समझदारी हासिल गऱ्यो । टोलीले सम्भाव्य सहवित्त लगानीको अवसरका लागि विकास साझेदारहरूसँग भेट गर्नुका साथै एडीबीका कार्यक्रममा चासो राख्ने गैसस, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरूसँग पनि छलफल गरेको थियो । यसअन्तर्गत



**अक्सरको खोजी** राष्ट्रिय कार्यक्रम तर्जुमा टोली २००८ अन्तर्गत निजी क्षेत्रसँग परामर्श गरिँदै ।

राष्ट्रिय रणनीति तथा कार्यक्रम २००५-२००९ को चालु मध्यकालीन समीक्षा पनि पर्छ ।

**२५ वैशाख २०६५, पश्चिम सेती जलविद्युत आयोजनाका सम्बन्धमा नागरिक समाजसँग अन्तर्क्रिया ।** पानी तथा ऊर्जासम्बन्धी विषय हेर्ने गैसस, जलविद्युत् विशेषज्ञ, जलस्रोत मन्त्रालयका पूर्व सचिव, वकील र आयोजना क्षेत्रका स्थानीय बासिन्दाहरूले अन्तर्क्रियामा भाग लिएका थिए । नियोगका राष्ट्रिय निर्देशक पल जे. हेटेन्स र एडीबीका वरिष्ठ ऊर्जा विज्ञ निसाइड टास-एन भ्यारिपोवारले आयोजनाका सम्बन्धमा सहभागीहरूको जिज्ञासा तथा प्रतिक्रियामाथि जवाफ दिनुभएको थियो ।

**६–१६ जेठ २०६५, राष्ट्रिय आयोजना कार्यान्वयन तथा प्रशासनसम्बन्धी कार्यशाला ।** एडीबीको ऋण आयोजनाहरूका लागि खोलिएका आयोजना कार्यान्वयन एकाईमा काम गर्ने कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित यो गोष्ठी एडीबीको केन्द्रीय कार्यक्रम सञ्चालन सेवा कार्यालयले कार्यान्वयन गरेको हो ।

**१४ जेठ २०६५, अनिवार्य पुनःबसोबाससम्बन्धी कार्यशाला : एडीबीको यातायात क्षेत्र सञ्चालनमा राष्ट्रिय परामर्शदाताहरूको भूमिका ।** राष्ट्रिय परामर्शदाताहरूका लागि एडीबी नेपाल आवासीय नियोगमा यो आधा दिने कार्यशाला आयोजना गरिएको हो । एडीबीको यातायात तथा सञ्चार महाशाखाका यातायात विशेषज्ञ एटो एहोनेनले कार्यशालामा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

**२९ जेठ २०६५, उजुरी हेर्ने संयन्त्रसम्बन्धी कार्यशाला ।** एडीबीको विशेष आयोजना सहजकर्ताको कार्यालयले नियोगका कर्मचारीहरूलाई मौखिक तथा लिखित उजुरी कसरी हेर्ने भनी सिकाउन तथा नियोगको उजुरी हेर्ने संयन्त्रमा सुधार ल्याउन यो आधा दिने कार्यशाला आयोजना गरेको हो । कार्यालयका वरिष्ठ आयोजना सहजकर्ता विशेषज्ञ करिन ओस्वाल्डले कार्यशालामा सहजकर्ताको भूमिका खेल्नुभएको थियो ।

**३० जेठ २०६५, उजुरीबाट सिकिएका पाठसम्बन्धी कार्यशाला :** शहरी तथा वातावरणीय सुधार आयोजना । एडीबीको विशेष आयोजना सहजकर्ताको कार्यालय र नेपाल आवासीय नियोगद्वारा आयोजित यो कार्यशालामा सरकारी अधिकारी, कार्यान्वयन परामर्शदाता र नियोगका कर्मचारीहरूले भाग लिएका थिए । कार्यशालाले गुनासो बढाउने खालका विभिन्न पक्षहरूमा चेतना जगाउने, एडीबीको जवाफदेहीता संयन्त्रले कसरी काम गर्छ भनी जानकारी दिने र कसरी एउटा उपयुक्त आयोजना ढाँचा र त्यसपछिको कार्यान्वयन स्थितिले उजुरी हटाउन मद्दत गर्छ भनी पहिचान गर्ने उद्देश्य लिएको छ । कार्यशालामा नियोगका वरिष्ठ राष्ट्रिय विशेषज्ञ पाउलो स्पान्टिगातीले स्वागत मन्तव्य दिनुभएको थियो भने भौतिक योजना तथा निर्माण मन्त्रालयका सह-सचिव किशोर थापाले धन्यवाद ज्ञापन गर्नुभएको थियो । ■

## नियोगका कर्मचारीहरूको समाचार



कोमल कार्कीले आयोजना कार्यान्वयन अधिकृत (यातायात) का रूपमा यही वैशाख महिनादेखि एडीबीको नेपाल आवासीय नियोगमा काम गर्न थाल्नुभयो । यसअघि उहाँ नेपाल सरकारको सडक विभागमा राजमार्ग इञ्जिनियर हुनुहुन्थ्यो । उहाँले भारतको रूड्की विश्वविद्यालयबाट सिभिल इञ्जिनियरिङमा स्नातक गर्नुभएको छ भने नेपालको पोखरा विश्वविद्यालयबाट निर्माण व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ ।


समाचार

# नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरुबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरुले एडीबीको अधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरुको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं.३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन : + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.abd.org/nm

राष्ट्रिय निर्देशक : पल जे. हाइटेन्स


## एडीबी अनलाइन
## www.adb.org

- एडीबीसँगको **व्यापार अवसर** खोजीका लागि हेर्नुहोस्: **www.adb.org/business/opportunities**
- **सञ्चार सम्पर्क** तथा **नयाँ समाचार**का लागि हेर्नुहोस् : **www.adb.org/media**
- **प्रकाशन**का लागि हेर्नुहोस् : **www.adb.org/publications**